# राष्ट्रिय बालबालिका नीति, २०८० कार्यान्वयनको राष्ट्रिय कार्ययोजना

## (२०८३/८४-२०८७/८८)

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरवार, काठमाडौं

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरवार, काठमाडौं

# परिच्छेद १

## कार्ययोजनाको परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधान, राष्ट्रिय बालबालिका नीति, २०८०, बालबालिका सम्बन्धी ऐन, २०७५, बालबालिका सम्वन्धी नियमावली, २०७८, अन्य बाल अधिकारका विषयगत कानूनहरूले व्यवस्था गरेका विषय तथा संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धि, १९८९ लगायतका कानूनी प्रावधानहरू बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा रहेका छन्। बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपुर्ति र पालनाका लागि बालबालिकाको अधिकारको प्रचलन, बाल अधिकार तथा संरक्षण सम्बन्धी संयन्त्रको व्यवस्था र परिचालन गरी विशेष आवश्यकता भएका बालबालिका तथा बालबालिका विरुद्धको हिंसाबाट पीडित तथा प्रभावित बालबालिकाको संरक्षण तथा व्यवस्थापन लगायतका व्यवस्था छन्।

राष्ट्रिय बालबालिका नीति अन्तर्गतका रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहले नीति कार्यान्वयन कार्ययोजना निर्माण गरी लागू गर्नुपर्ने नीतिगत व्यवस्था रहेको छ। यसै पृष्ठभूमिमा रही समग्रमा बालबालिकाको हक, हित र अधिकारको सुनिश्चितताको लागि बालबालिकासँग प्रत्यक्ष सरोकार भएका शिक्षा, स्वास्थ्य, बाल संरक्षण, बाल सहभागिता लगायतका पक्षहरूमा संघीय तहबाट महत्वपूर्ण एवम् नतिजामूलक कार्यसम्पादन गर्नका लागि यो कार्ययोजना निर्माण गरिएको छ।

### १.२ कार्ययोजनाको आवश्यकता र औचित्य

नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक कार्यान्वयनलाई प्रभावकारी बनाउन, दिगो विकासको लक्ष्य प्राप्ति गर्न, सबै बालबालिकालाई समान पहुँच र अवसर प्रदान गरी बालमैत्री वातावरण कायम गर्न, नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई पूरा गरी बाल अधिकारको संरक्षण एवं प्रवर्द्धन गर्नका लागि स्वीकृत राष्ट्रिय बालबालिका नीतिमा उल्लेखित रणनीति र कार्यनीतिहरूको कार्यान्वयन गर्न यो कार्ययोजना आवश्यक रहेको छ। बालबालिकाको क्षेत्रमा गरिने लगानी तथा सञ्चालन गरिने कार्यक्रमहरूमा सुशासन, पारदर्शीता तथा जवाफदेहीताका साथै विभिन्न सरोकारवाला निकायहरूबीच समन्वयका लागि कार्ययोजना आवश्यक पर्छ। साथै संयुक्त राष्ट्र संघीय बालअधिकार समितिबाट प्राप्त समापन टिप्पणीमा बालबालिका सम्बन्धी राष्ट्रिय कार्ययोजना निर्माण गरी लागु गर्न सिफारिस प्राप्त भएको छ। ती सिफारिसहरूको कार्यान्वयन गर्नु नेपालको कानुनी तथा नैतिक दायित्व पनि रहेको छ।

मा. सिता बादी
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
माननीय मन्त्रीज्यूको निजी सचिवालय
सिंहदरबार, काठमाडौं

राष्ट्रिय बालबालिका नीतिले व्यवस्था गरेका नीतिगत व्यवस्थाहरूको कार्यान्वयन गर्ने सन्दर्भमा कस्ता कस्ता क्रियाकलापहरू कार्यान्वयन गर्ने, प्रत्येक क्रियाकलापमा आधारित अपेक्षित उपलब्धि के हुने, क्रियाकलाप कार्यान्वयनका लागि जिम्मेवार निकाय को हुने, कुन कुन निकायले सहयोग गर्ने, उपलब्धिको सूचक के हुने, वर्तमान अवस्था कस्तो रहेको छ र प्रत्येक वर्षको क्रियाकलाप अनुसारको माइलस्टोन उपलब्धि के हुने र प्रत्येक क्रियाकलाप कार्यान्वयनका लागि कति बजेट आवश्यक हुने भन्ने विषयमा स्पष्ट मार्गदर्शन सहित कार्यान्वयन गर्नका लागि यो कार्ययोजनाको आवश्यकता रहेको छ।

यो कार्ययोजनाले सार्वजनिक, निजी, सहकारी, गैरसरकारी संस्था, सामुदायिक संस्था लगायतका क्षेत्रमा बालमैत्री सेवा र व्यवहारको विकास गर्न सहयोग पुऱ्याउनेछ । त्यसैगरी बालबालिका सम्बन्धी योजना एवम् कार्यक्रममा संघ, प्रदेश, स्थानीय तह, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा विकासका साझेदारहरूबीच समबुझाइ र सामञ्जस्यता ल्याउन, विशेष संरक्षणको आवश्यकता भएका तथा हिंसा र दुर्व्यवहारमा परेका बालबालिकालाई संरक्षण सेवा प्रदान गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको संस्थागत संरचनालाई व्यवस्थित गरी बालअधिकारको संरक्षण, प्रवर्द्धन तथा बाल संरक्षण प्रणाली सुदृढ गर्न यो कार्ययोजनाले स्पष्ट मार्गदर्शन गर्नेछ।

बालबालिका सम्बन्धी राष्ट्रिय कार्ययोजनाको औचित्य निम्न कारणहरूले रहेको पुष्टि हुन्छः

१. प्रत्येक क्रियाकलाप कार्यान्वयनका लागि सरोकारवाला निकायलाई स्रोत साधन सहित जिम्मेवार र जवाफदेही बनाउन,
२. स्पष्ट लक्ष्य सहितको उपलब्धि हासिल गर्नका लागि प्रोत्साहन गर्न,
३. बालबालिकाको क्षेत्रमा लगानी हुने सरकारी तथा गैर सरकारी वजेटको प्राथमिकता क्षेत्र स्पष्ट पार्न,
४. उपलब्धि सूचक अनुसारको अनुगमन प्रणाली सुदृढ गर्न,
५. अन्तर मन्त्रालय, तह तथा निकायबीचको समन्वय र सहकार्य अभिवृद्धि गर्न, जरुरी रहेको।

## १.३ उद्देश्य

यो कार्ययोजनाको प्रमुख उद्देश्य बालबालिका सम्बन्धी राष्ट्रिय कानुन तथा नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्दै बालअधिकार सुनिश्चित बालमैत्री राष्ट्र निर्माण गर्ने रहेको छ। यस कार्ययोजनाले निम्न विशिष्ट उद्देश्यहरू लिएको छः

१. बालबालिका सम्बन्धी राष्ट्रिय कानुनी तथा नीतिगत व्यवस्था, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूको व्यवहारिक कार्यान्वयन सुनिश्चित गर्ने,
२. बालबालिकाको संरक्षण, स्वास्थ्य, पोषण, शिक्षा तथा खेलकुदमा पुर्ण, समान र समावेशी सहभागिताको अवसर सुनिश्चित गर्ने,

२।६।३१

मा. सिता बादी
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
माननीय मन्त्रीज्यूको निजी सचिवालय
सिंहदरबार, काठमाडौं

३. बालबालिकाको सर्वाङ्गीण व्यक्तित्व विकास र सामाजिक नागरिक सहभागिताका लागि आवश्यक मैत्रीपूर्ण र बाल सुरक्षित वातावरण निर्माण गर्ने,

४. बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने,

५. बालबालिकाको क्षेत्रमा जिम्मेवार सरोकारवाला निकाय, अभिभावक, निजीक्षेत्र तथा गैरसरकारी संस्था एवं विकास साझेदारहरूमाझ समन्वयीकृत लगानी र कार्यक्रम सञ्चालनको व्यवस्था गर्ने।

## १.४ कार्ययोजना निर्माणको विधि र प्रक्रिया

यो कार्ययोजना निर्माण प्रकृयामा विभिन्न विषयगत नीति तथा कार्ययोजनाहरूको अध्ययन तथा विश्लेषण गरिएको छ भने विषयगत विज्ञ, बालबालिका लगायत सरकारी तथा गैर सरकारी निकाय एवम् संस्थाका प्रतिनिधिहरूसँग अन्तरक्रिया गरी प्राप्त सुझावहरू समेत समावेश गरी यो कार्ययोजना निर्माण गरिएको छ। यो कार्ययोजना निर्माण विधि र प्रकृया निम्न बमोजिम रहेको छ।

मिति २०८०/०९/१८ गते यस मन्त्रालयको सचिवको संयोजकत्वमा प्रशासन तथा योजना महाशाखा प्रमुख, महिला सशक्तीकरण महाशाखा प्रमुख, सामाजिक समन्वय महाशाखा प्रमुख, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रतिनिधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रतिनिधि र यस मन्त्रालयको बाल संरक्षण तथा विकास शाखा प्रमुख सदस्य सचिव रहने गरी सात सदस्यीय कार्ययोजना तर्जुमा निर्देशक समिति र प्रशासन तथा योजना महाशाखाका प्रमुखको संयोजकत्वमा विभिन्न निकाय, शाखा तथा नागरिक समाजका प्रतिनिधि संलग्न गरी ८ सदस्यीय राष्ट्रिय बालबालिका नीति कार्यान्वयन कार्ययोजना मस्यौदा समिति गठन भएको थियो। उक्त मस्यौदा समितिले विभिन्न समयमा गरेको अध्ययन, बैठक एवं छलफलबाट राष्ट्रिय बालबालिका नीति कार्यान्वयन कार्ययोजनाको मस्यौदा तर्जुमा गरी मन्त्रालयमा पेश गरिएको थियो। युनिसेफ नेपालको सहकार्यमा आ.व. २०८१।८२ मा सबै प्रदेशहरूमा प्रदेश र स्थानीय तहका सरोकारवालासँग प्रदेशस्तरीय आन्तरिकीकरण तथा अभिमुखीकरण कार्यक्रम मार्फत उक्त मस्यौदामा सुझाव सङ्कलन गरी कार्ययोजनाको मस्यौदा परिमार्जन गरिएको थियो। परिमार्जित मस्यौदा मन्त्रालयको वेवसाईटमा राखि ईमेल मार्फत सर्वसाधारणको सुझावहरू सङ्कलन गरी प्राप्त सुझाव बमोजिम मस्यौदालाई पुनः परिमार्जन गरिएको थियो। त्यसपछि मिति २०८२।१०।२९ मा राष्ट्रिय परामर्श गोष्ठीमा सरोकारवालाको राय सुझावहरू संकलन गरी उक्त सुझावहरू समेटी राष्ट्रिय बालबालिका नीति, २०८० को कार्यान्वयन कार्ययोजनाको मस्यौदालाई पुनः परिमार्जन गरिएको थियो। यसरी तयार गरिएको **राष्ट्रिय बालबालिका नीति, २०८० कार्यान्वयनको राष्ट्रिय कार्ययोजना**को मस्यौदा स्वीकृतिको प्रक्रिया अगाडि बढाउनु अघि ९ वटा सरोकारवाला



नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
माननीय मन्त्रीज्यूको निजी सचिवालय
सिंहदरबार, काठमाडौं

मा. सिता बादी
मन्त्री

मन्त्रालय र निकायहरूको लिखित राय/सहमति प्राप्त गरी सो का आधारमा **राष्ट्रिय बालबालिका नीति, २०८० कार्यान्वयनको राष्ट्रिय कार्ययोजना**को अन्तिम मस्यौदा तयार भएको र माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीबाट मिति २०८३।०१।। मा स्वीकृत भएको हो।

## १.५ अपेक्षित उपलब्धि

यस कार्ययोजनाको अपेक्षित उपलब्धि निम्नानुसार रहेको छ।

१. बाल अधिकार सुनिश्चितताका लागि कानुनी, नीतिगत एवं संरचनागत व्यवस्था सुदृढ भएको हुने,
२. विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकाको संरक्षण गर्ने संयन्त्रहरूको प्रभावकारी परिचालन भई यस्ता घटनाहरूको तत्काल सम्बोधन भएको हुने,
३. सबै बालबालिकाको लागि संरक्षण, पोषण, प्रारम्भिक बाल विकास, शिक्षा, स्वास्थ्य, खेलकुद तथा समग्र व्यक्तित्व विकासको वातावरण निर्माण भएको हुने,
४. परिवार, समुदाय, संस्थागत तथा शासकीय तहमा बाल सहभागिता प्रवर्द्धन भएको हुने,
५. हिंसा र दुर्व्यवहारबाट पीडित, प्रभावित तथा जोखिममा रहेका बालबालिकाले स्थानीय तहबाट नै आधारभुत संरक्षण सेवा प्राप्त गरेको हुने ।

## १.६ लगानी तथा वित्तीय श्रोत परिचालन

यस कार्ययोजनाको कार्यान्वयनका लागि समन्वयीकृत र योजनाबद्ध लगानी तथा श्रोत परिचालनको लागि देहायका कार्यहरु गरिनेछः-

१. संघीय मन्त्रालय तथा निकायहरूबाट बालबालिकाको क्षेत्रमा यस कार्ययोजना बमोजिम बजेट विनियोजन गर्नका लागि वार्षिक रूपमा समन्वय बैठक आयोजना गर्ने,
२. प्रदेश तथा स्थानीय तहमा बालबालिकाको क्षेत्रमा यस कार्ययोजना बमोजिम बजेट विनियोजन गर्न वार्षिक बजेट तयारीका समयमा स्थानीय बाल अधिकार समितिले कार्यक्रमहरूको सूची सहित सम्बन्धित स्थानीय तहमा पेस गर्ने। कार्ययोजना अन्तर्गत आयोजना हुने प्रदेश तथा स्थानीय तहसँगको विभिन्न बैठकमा यस कार्ययोजना अनुरुप लगानीको विषयमा छलफल गरी बजेट विनियोजन गर्नुपर्ने,
३. अर्थ मन्त्रालय र समाज कल्याण परिषद्सँग बालअधिकार तथा बालबालिकाको क्षेत्रमा प्राप्त हुने वैदेशिक सहायताका कार्यक्रमहरू यस कार्ययोजनाअनुरुप भएको सुनिश्चित गर्न चौमासिक रुपमा बैठक गर्ने,
४. बालबालिकाका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाका सञ्जालहरु, विकास साझेदारहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुसँग बालबालिकाको क्षेत्रमा सञ्चालन

२।।८३।

मा. सिता बादी
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
माननीय मन्त्रीज्यूको निजी सचिवालय
सिंहदरबार, काठमाडौं

गरिने कार्यक्रमहरू यस कार्ययोजना अनुरुप बनाउन समन्वय बैठक तथा अन्तरक्रिया आयोजना गर्ने,

५. निजी क्षेत्रको व्यवसायिक सामाजिक उत्तरदायित्व (CSR) वापतको रकम परिचालनका सन्दर्भमा यस कार्ययोजना अनुरूपका कार्यक्रममा लगानी गर्न निजी क्षेत्रसँग नियमित छलफल बैठकहरू आयोजना गर्ने।

## १.७ कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन

यस कार्ययोजनाको कार्यान्वयन, अनुगमन तथा प्रतिवेदनलाई अन्तरनिकाय समन्वय र सहकार्यमा आधारित बनाउन देहायका कार्यहरू गरिनेछः-

१. स्थानीय तहमा यस कार्ययोजना कार्यान्वयन, अनुगमन र प्रतिवेदनको लागि बाल कल्याण अधिकारीले फोकल पर्सनको रूपमा कार्य गर्नेछ।

२. प्रदेश तहमा प्रदेश बाल अधिकार समितिको सदस्य सचिवलाई सम्वन्धित प्रदेश मन्त्रालयले यस कार्ययोजना कार्यान्वयन, अनुगमन र प्रतिवेदनको फोकल पर्सन तोक्नेछ।

३. संघीय तहका विभिन्न जिम्मेवार मन्त्रालय तथा निकायहरूले यस कार्ययोजना कार्यान्वयन, अनुगमन र प्रतिवेदनका लागि फोकल पर्सन तोक्नुपर्नेछ।

४. स्थानीय बाल कल्याण अधिकारी, बाल मनोविमर्शकर्ता, सामाजिक कार्यकर्ता तथा बाल संरक्षण घटना व्यवस्थापनमा सहयोगी सामुदायिक सामाजिक कार्यकर्ता, प्रदेश बाल अधिकार समितिका पदाधिकारी तथा संघीय तहका विभिन्न जिम्मेवार निकायमा रहेका कार्ययोजना कार्यान्वयनका फोकल पर्सनहरूलाई कार्ययोजना कार्यान्वयन, अनुगमन र प्रतिवेदन एवं उनीहरुको भूमिकाको बारेमा प्रशिक्षित गरिनेछ।

५. स्थानीय, प्रदेश र संघीय सरकारका सम्पर्क व्यक्तिहरूले तोकिएको ढाँचामा कार्ययोजना कार्यान्वयन, लगानी र उपलब्धिको विवरण वार्षिक रूपमा राष्ट्रिय बालअधिकार परिषद्मा पेश गर्नुपर्नेछ।

६. गैरसरकारी संस्था तथा निजीक्षेत्रका प्रतिनिधिहरूलाई कार्ययोजना कार्यान्वयन र प्रतिवेदन तथा उनीहरूको भुमिकाको बारेमा प्रशिक्षित गरिनेछ।

७. संघीय तहमा अन्तर मन्त्रालय तथा अन्तर निकाय फोकल पर्सन, विकाससाझेदार र गैरसरकारी संस्था तथा निजीक्षेत्रसँग अर्धवार्षिकरूपमा प्रतिवेदन तथा समन्वय बैठक आयोजना गरिनेछ।

८. प्रदेश मन्त्रालय तथा निकायहरूसँग बार्षिकरूपमा प्रतिवेदन तथा समन्वय बैठक आयोजना गरिनेछ।

मा. सिता बादी
मन्त्री



नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
माननीय मन्त्रीज्यूको निजी सचिवालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद २

## राष्ट्रिय बालबालिका नीतिको कार्यान्वयन कार्ययोजना

**रणनीति नं. ११.१-** बालबालिका सम्बन्धी कानूनलाई आवश्यकता अनुसार सामयिक परिमार्जन वा नयाँ कानून तर्जुमा गरी तिनको प्रभावकारी कार्यान्वयन गर्ने ।(नीति १०.१)

| क्र. सं. | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | सम्बन्धित कार्यनीति |
|---|---|---|---|---|---|---|
| १ | बाल संरक्षण सेवा प्रवाह सम्बन्धी एकीकृत कार्यविधि निर्माण गर्ने | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय महिला आयोग, राष्ट्रिय बाल अधिकार परिषद् प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय र स्थानीय तह | २०८३ सम्म | बाल संरक्षण घटना व्यवस्थापन, अन्तरदेशीय उद्धार, बाल हेल्पलाइन, बालबालिका खोजतलास सेवा सञ्चालन, सर्वोत्तम हित निर्धारण, हिंसा तथा दुर्व्यवहारको सूचना दिने र जोखिमको मुल्याङ्कन लगायतका व्यवस्थाहरू समेटिएको स्पष्ट कार्यविधि लागू भएको हुने।<br>प्रत्येक स्थानीय तहमा बालबालिकासँग प्रत्यक्ष काम गर्ने सामाजिक कार्यकर्ता तथा बाल मनोविमर्शकर्ता व्यवस्थापन गरी कार्यविधि निर्माण भएको हुने। | १२.१.२<br>१२.१.८<br>१२.२.३<br>१२.३.११<br>१२.४.३<br>१२.३.२<br>१२.४.२ |

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
माननीय मन्त्रीज्यूको निजी सचिवालय
सिंहदरबार, काठमाडौं

मा. सिता बादी
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | वैकल्पिक हेरचाह सम्बन्धी एकीकृत मापदण्ड तथा सञ्चालन अनुमति प्रकृयाबारे कार्यविधि निर्माण गर्ने | राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग | २०८३ सम्म | वैकल्पिक हेरचाहका विकल्पहरूको न्यूनतम मापदण्ड सहितको सञ्चालन अनुमति प्रकृया सम्बन्धी निर्देशिका स्वीकृत भई लागू भएको हुने। | १२.३.६ |
| ३ | बालकोष परिचालन सम्बन्धी मापदण्ड निर्माण गरी लागू गर्ने | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय बाल अधिकार परिषद् | २०८३ सम्म | बालकोष परिचालन सम्बन्धी मापदण्ड स्वीकृत भई लागू भएको हुने। | १२.४.३ |
| ४ | कानूनी विवादमा परेका बालबालिकाको दिशान्तर सम्बन्धी निर्देशिका निर्माण गरी लागू गर्ने | केन्द्रीय बाल न्याय समिति | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>महान्यायाधिवक्ताको कार्यालय<br>राष्ट्रिय बाल अधिकार परिषद् | २०८३ सम्म | दिशान्तर सम्बन्धी व्यवस्थाको कार्यान्वयन भएको हुने | १२.१.१ |
| ५ | विद्युतीय माध्यमबाट बालबालिका विरुद्ध हुने हिंसा तथा दुर्व्यवहार रोकथाम तथा न्यूनीकरण, साईबर बुलिङ विरूद्ध शून्य सहनशीलताका लागि अनलाइन बाल सुरक्षा कार्यविधि निर्माण गरी लागू गर्ने | सूचना तथा सञ्चार प्रविधि मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०८३ सम्म | अनलाइन बाल सुरक्षा कार्यविधि निर्माण भई लागू भएको हुने | १२.१.३<br>१२.२.३<br>१२.३.९ |

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
माननीय मन्त्रीज्यूको निजी सचिवालय
सिंहदरबार, काठमाडौं

मा. सिता बादी
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | प्रदेश तथा स्थानीय तहमा बालबालिका सम्बन्धी ऐन २०७५ बमोजिमका बाल संरक्षण संयन्त्रहरू (बाल अधिकार समिति, बाल कल्याण अधिकारी, नियमावली/कार्यविधि/मापदण्ड र बाल कोष) स्थापना र परिचालनका लागि स्थानीय सरकारसँग समन्वय र सहजीकरण गर्ने | राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेशको बालबालिका हेर्ने मन्त्रालय, स्थानीय तह | २०८४ सम्म | ७५३ वटै स्थानीय तहमा बाल अधिकार समिति, बाल कल्याण अधिकारी, नियमावली/कार्यविधि/मापदण्ड र बाल कोषको स्थापना र परिचालन भएको हुने र प्रदेश बाल अधिकार समिति गठन भइ क्रियाशील भएको हुने | १२.२.४<br>१२.३.२ |
| ७ | बालबालिका सम्बन्धी ऐन, २०७५ तथा राष्ट्रिय बालबालिका नीति कार्यान्वयन कार्ययोजना कार्यान्वयनका लागि प्रदेश सरकारसँग समन्वय र सहजीकरण बैठक गर्ने | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय बाल अधिकार परिषद् | बार्षिक | सहजीकरण बैठकहरू सञ्चालन भएको हुने | १२.२.४<br>१२.३.२ |
| ८ | कानून कार्यान्वयन गर्ने तथा नेपाल प्रहरी लगायतका सुरक्षा निकायहरूलाई बालबालिका सम्बन्धी कानूनको व्यवस्था बारेमा अभिमूखीकरण गर्ने | राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय महिला आयोग, विकासका साझेदारहरू | निरन्तर | सम्बन्धित कर्मचारीहरू प्रशिक्षित भएको हुने | १२.१.२ |
| ९ | बालबालिका सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि न्यायिक निकायहरूमा कार्यरत | महिला, बालबालिका तथा ज्येष्ठ | राष्ट्रिय बाल अधिकार परिषद्, | निरन्तर | बालबालिका विरूद्धको हिंसा, कसूर, हक प्रचलन सम्बन्धी | १२.१.२<br>१२.१.३ |



मा. सिता बादी
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कर्मचारीहरूलाई अभिमूखीकरण लगायत क्षमता अभिवृद्धि गर्ने | नागरिक मन्त्रालय | केन्द्रीय बाल न्याय समिति | | मुद्दाहरूको कारवाही छिटो र प्रभावकारी भएको हुने | |
| १० | बालबालिका सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयन सम्बन्धमा उत्तर विधायिकी प्रभाव अध्ययन र समीक्षा गरी प्रतिवेदन तयार गर्ने | राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०८७ | बालबालिका सम्बन्धी कानूनी व्यवस्थामा सुधार गर्नुपर्ने विषयहरूमा सुझाव प्राप्त भएको हुने समीक्षा तथा सुझाव प्रतिवेदन तयार भएको हुने | १२.१.१ |
| ११ | ऐनको कार्यान्वयन समीक्षा प्रतिवेदनको सिफारिसका आधारमा बालबालिका सम्बन्धी कानूनी व्यवस्थाहरू संशोधन तथा परिमार्जन गर्ने | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय बाल अधिकार परिषद् | २०८७ | बालबालिका सम्बन्धी ऐन व्यवहारिक अनुभव र आवश्यकताका आधारमा समसामयिक संशोधन भएको हुने | १२.१.१<br>१२.१.४<br>१२.१.५<br>१२.३.१४ |
| १२ | लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाले प्रचलित कानून बमोजिम हित अभिवृद्धिको व्यवस्था गर्ने | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय | राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको रूपमा हित अभिवृद्धि भएको हुने | १२.४.६ |

**रणनीति नं. ११.२-** संघ, प्रदेश र स्थानीय तहमा बाल अधिकार, बाल संरक्षण तथा बालन्याय सम्बन्धी संस्थागत संरचना तथा संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्ने ।(नीति १०.१)

| क्र.सं. | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | सम्बन्धित कार्यनीति |
|---|---|---|---|---|---|---|

२।८।३१

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, माननीय मन्त्रीज्यूको निजी सचिवालय, सिंहदरबार, काठमाडौं

मा. सिता बादी
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | विद्यालय एवं बालबालिकासँग प्रत्यक्ष काम गर्ने सार्वजनिक निकाय, निजीक्षेत्र एवम् सामाजिक संस्थाहरूमा बाल संरक्षण मापदण्ड लागू गराउने | राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय महिला आयोग | २०८३ सम्म | विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने सार्वजनिक निकाय, निजीक्षेत्र एवम् सामाजिक संस्थाहरूमा बाल संरक्षण मापदण्ड लागू भएको हुने | १२.१.६<br>१२.१.७<br>१२.३.१<br>४<br>१२.४.७ |
| १४ | विद्युतीय माध्यम समेतबाट हुनसक्ने बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहार सम्बन्धी विषय विद्यालयको पाठ्यक्रममा समावेश गर्ने | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र,<br>स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग राष्ट्रिय बाल अधिकार परिषद् | २०८५ सम्म | बालबालिका विरुद्ध हुनसक्ने हिंसा तथा दुर्व्यवहार सम्बन्धी विषय पाँच कक्षादेखि माध्यमिक तहको विद्यालयको पाठ्यक्रममा समावेश भएको हुने | • १२.३.<br>९ |
| १५ | बालअधिकार सम्बन्धी कानूनी व्यवस्था कार्यान्वयनका लागि राजनीतिक दलहरुसँग अन्तरक्रिया गर्ने | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | निर्वाचन आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय बालअधिकार परिषद्, | निरन्तर | राजनैतिक दलका घोषणापत्रमा बाल अधिकारका विषय सम्बोधन भएको हुने<br>बालबालिका सम्बन्धी ऐनको व्यवस्था बमोजिम दलगत राजनीतिमा बालबालिकाको प्रयोग अन्त्य हुने | • १२.१.<br>९ |

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार

मा. सिता बादी
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | प्रत्येक स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था गर्ने | स्थानीय तहहरू | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय राष्ट्रिय बाल अधिकार परिषद्, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८४ सम्म | ७५३ वटा स्थानीय तहमा स्पष्ट काम, कर्तव्य र अधिकार तोकी बालकल्याण अधिकारीको नियुक्ति भएको हुने | १२.२.१ • |
| १७ | राष्ट्रिय बाल अधिकार परिषद्को सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने र कर्मचारीको क्षमता विकास गर्ने | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८३ सम्म | राष्ट्रिय बाल अधिकार परिषद्को सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण भई कर्मचारी दरबन्दी स्वीकृत भएको हुने | • १२.२.१ |
| १८ | बालबालिका खोजतलास सेवा १०४ प्रदेश र स्थानीय तहको समन्वयमा सबै प्रदेशमा विस्तार गरी सञ्चालन गर्ने | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद् | गृह मन्त्रालय, नेपाल प्रहरी प्रधान कार्यालय, बालबालिकाको विषय र सुरक्षा हेर्ने प्रदेश मन्त्रालयहरु र स्थानीय तहहरु | २०८४ सम्म | सातै प्रदेशमा प्रदेशस्तरीय बालबालिका खोजतलास सेवा सञ्चालनमा आई हराएका बालबालिकाको फेला पर्ने दरमा सुधार भएको हुने | १२.२.२ • |
| १९ | बाल हेल्पलाइन सेवालाई केन्द्रीकृत प्रणाली(Centerlised call system)मा आबद्ध गरी सबै जिल्लामा सेवा विस्तार गर्ने | राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०८४ सम्म | बाल हेल्पलाइन सेवा विस्तार भई ७७ वटै जिल्लामा पहुँच पुगेको हुने | १२.२.२ • |
| २० | बाल अदालतको स्थापना गर्ने | सर्वोच्च अदालत | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०८४ सम्म | मुद्दा संख्याको मापदण्ड अनुसार बाल अदालतको स्थापना भई सञ्चालन भएको हुने | • १२.२.७ |



२०८१ ..

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय माननीय मन्त्रीज्यूको निजी सचिवालय सिंहदरबार, काठमाडौं

मा. सिता बादी
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | प्रत्येक जिल्लाका बालबालिका सम्बन्धी मुद्दा चल्ने प्रहरी कार्यालयमा बालमैत्री निगरानी कक्ष स्थापना तथा सञ्चालन गर्ने | गृह मन्त्रालय र नेपाल प्रहरी प्रधान कार्यालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, केन्द्रीय बाल न्याय समिति, बालबालिकाको विषय हेर्ने प्रदेश मन्त्रालयहरु र स्थानीय तहहरु | २०८३ सम्म | ७७ वटै जिल्लामा बालमैत्री निगरानी कक्ष स्थापना भई सेवा प्रवाह भएको हुने | • १२.२.८ |
| २२ | बालबालिकाको हक, हित र अधिकार प्रचलन तथा हनन्का घटना अनुगमन तथा सिफारिसका लागि मानव अधिकारसँग सम्बन्धित संवैधानिक आयोगहरू एवम् सरोकारवाला मन्त्रालयसँग समन्वय र सहकार्यमा अभिवृद्धि गर्ने | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय राष्ट्रिय बाल अधिकार परिषद् | सम्बन्धित मन्त्रालय र संवैधानिक आयोगहरु | निरन्तर | • बालबालिकाको हक, हित र अधिकारको विषयमा सम्बन्धित मन्त्रालय र संवैधानिक आयोगहरू क्रियाशील भएको हुने<br>• अन्तर मन्त्रालय तथा निकाय बीचको वार्षिक बैठक बसेको र सहकार्य बढेको हुने | • |
| २३ | बालन्याय सम्बन्धी विषयको प्रभावकारी कार्यान्वयनका लागि अदालत, बाल इजलास, बाल न्याय समिति लगायतका संयन्त्रमा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने | केन्द्रीय बाल न्याय समिति | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | • बालन्याय सम्बन्धी संयन्त्रहरूमा कार्यरत कर्मचारीहरूले तालिम प्राप्त गरेको हुने | • |
| २४ | बाल सुधार गृहमा रहेका बालबालिकालाई कानून बमोजिम | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | गृह मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि | निरन्तर | • १८ माथिका अलग गरी बाल सुधार गृहको भौतिक | • |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दिशान्तर प्रकृयालाई प्रोत्साहन गर्दै मापदण्ड अनुरूपको गुणस्तरीय सेवा प्रवाहको व्यवस्था गर्ने | | मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, केन्द्रीय बाल न्याय समिति, बालबालिकाको विषय र सुरक्षा हेर्ने प्रदेश मन्त्रालयहरु र स्थानीय तहहरु | | क्षमता अनुसार बालबालिका संरक्षणमा राखी उनीहरूलाई उपयुक्त शिक्षा, स्वास्थ्य, सुधार तथा गुणस्तरीय सेवा उपलब्ध भएको हुने<br>• कानून बमोजिम दिशान्तर र सजाय घटाउने व्यवस्थाको कार्यान्वयन भएको हुने | |
| २५ | बाल संरक्षण, बाल न्याय तथा कानून कार्यान्वयन गर्ने संयन्त्रहरूका लागि कार्यसम्पादन सहजीकरण गर्न विषयगत स्रोत सामग्रीको व्यवस्था गर्ने | राष्ट्रिय बाल अधिकार परिषद् | • अर्थ मन्त्रालय,<br>• महिला, बालबलिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• विकास साझेदारहरू | २०८४ सम्म | • स्रोत सामग्री उपलब्ध भएको हुने | |
| २६ | संस्थागत हेरचाहलाई न्यूनीकरण गर्दै बालमैत्री, सुरक्षित पारिवारिक वैकल्पिक हेरचाह प्रवर्द्धन गर्ने | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश बालबालिका हेर्ने मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, स्थानीय तह | प्रदेश बालबालिका हेर्ने मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, स्थानीय तह | निरन्तर | • प्रत्येक वर्ष वैकल्पिक हेरचाह सेवा प्रदायक, अस्थायी संरक्षण सेवा, बाल हेल्पलाइन सेवा, बालबालिका खोजतलास सेवा, बाल सुधार गृह, पुनर्स्थापना केन्द्र निगरानी कक्षको अनुगमन तथा नियमन भएको हुने, | • १२.३.६ |



मा. सिता बादी
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | • पारिवारिक वैकल्पिक हेरचाहको प्रबन्ध भएको हुने | |
| २७ | बालबालिका लक्षित सामाजिक सुरक्षा विस्तार गर्ने | गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | अर्थ मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय राष्ट्रिय योजना आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय बाल अधिकार परिषद्, स्थानीय तह | निरन्तर | • बालबालिका लक्षित सामाजिक सुरक्षा विस्तारका लागि अध्ययन तथा सुझाव प्रतिवेदनका आधारमा सामाजिक सुरक्षा विस्तार भएको हुने<br>• विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई सामाजिक सुरक्षा अन्तर्गत समेटिएको हुने | • १२.४.५ |
| २८ | बालबालिकामा हुने लगानीको पहिचान तथा लगानी विश्लेषणका लागि बालबालिका उत्तरदायी बजेट संकेत प्रणाली लागू गर्ने<br>बाल अधिकारका लागि स्थानीय तहले आफ्नो कुल बजेटको निश्चित प्रतिशत बजेट बालबालिकाको क्षेत्रमा विनियोजन गर्ने | अर्थ मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय स्थानीय तह | राष्ट्रिय योजना आयोग, राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश सरकार, स्थानीय तह विकास साझेदार | २०८४ सम्म | • संघ, प्रदेश र स्थानीय तहमा बालबालिका उत्तरदायी बजेट संकेत प्रणाली लागू भएको हुने,<br>• सबै स्थानीय तहहरूमा बालबालिकाको लागि निश्चित प्रतिशत रकम विनियोजन भएको हुने<br>• बाल बजेट संकेत प्रणाली सम्बन्धी सरोकारवालाको क्षमता अभिवृद्धि हुने | १२.१.१०<br>• १२.३.२ |



मा. सिता बादी
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २९ | बालबालिका सम्बन्धी खण्डिकृत तथ्याङ्क व्यवस्थापनका लागि बाल अधिकार सूचना व्यवस्थापन प्रणाली निर्माण तथा सञ्चालन गर्ने | राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति र स्थानीय बाल अधिकार समिति | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,बालबालिका सम्बन्धी विषय हेर्ने प्रदेश मन्त्रालय र स्थानीय तह | २०८४ सम्म | • ७५३ वटै स्थानीय तह र सातै प्रदेशबाट बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन प्रकाशन भई प्रतिवेदन सार्वजनिक भएको हुने,<br>• बालबालिका सम्बन्धी स्थानीय तह र प्रदेशस्तरीय वार्षिक प्रतिवेदन समेतको आधारमा बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन सार्वजनिक भएको हुने | • १२.२.६ |

**रणनीति नं. ११.३-** विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका, हिंसा तथा दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने । (नीति १०.२)

| क्र.सं. | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | सम्बन्धित कार्यनीति |
|---|---|---|---|---|---|---|
| ३० | सडक बालबालिकामुक्त नेपालको दिगोपनाको लागि नियमित अनुगमन तथा बालबालिका फेला परेमा तत्काल उद्धार गरी संरक्षण | राष्ट्रिय बाल अधिकार परिषद् बालबालिका खोजतलास सेवा (१०४), बाल हेल्पलाईन सेवा (१०९८) र स्थानीय तह | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,<br>• राष्ट्रिय महिला आयोग,<br>• नेपाल प्रहरी, र | निरन्तर | • सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन भएको हुने | १२.३.४<br>१२.३७ |

(१५)

मा. सिता बादी
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा पुनर्स्थापना सेवा उपलब्ध गराउने | | • संरक्षण सेवा प्रदायक संस्थाहरु | | | |
| ३१ | अपाङ्गता भएका बालबालिकाको आवश्यक उपचार गरी पुनर्स्थापना गर्ने | • स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्थानीय तह | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद्<br>• प्रदेश सरकारको स्वास्थ्य तथा बालबालिका हेर्ने मन्त्रालय<br>• अपाङ्गता उपचार सम्बन्धी अस्पतालहरू<br>• सेवा प्रदायक संस्थाहरू | निन्तर | अपाङ्गता भएका बालबालिकाको उपचार तथा पुनर्स्थापना भएको हुने | १२.३.५ |
| ३२ | श्रममा रहेका बालबालिकाको पहिचान गरी उद्धार, संरक्षण र पुनर्स्थापना गर्ने | • राष्ट्रिय बाल अधिकार परिषद्,<br>• श्रम तथा रोजगार कार्यालय,<br>• बालबालिका खोजतलास सेवा (१०४),<br>• बाल हेल्पलाइन सेवा(१०९८), | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>• राष्ट्रिय महिला आयोग, | २०८५ | श्रममा संलग्न बालबालिकाको उद्धार, संरक्षण, पुनर्मिलन तथा पुनर्स्थापना भएको हुने | १२.३.८<br>१२.४.१<br>(११.६) |

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
माननीय मन्त्रीज्यूको निजी सचिवालय
सिंहदरबार, काठमाडौं



२।६३।

मा. सिता बादी
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • स्थानीय तह, स्थानीय बाल अधिकार समिति | • प्रदेश सरकारको बालबालिका तथा श्रम हेर्ने मन्त्रालय | | | |
| ३३ | विशेष संरक्षणको आवश्यकता भएका, जोखिममा रहेका, बालविवाह, अनलाइन बालहिंसा, बाल यौन हिंसा लगायत बालबालिका विरूद्धको हिंसाबाट पीडित तथा प्रभावित बालबालिकालाई आवश्यकता अनुसार उद्धार, संरक्षण, सुरक्षा तथा मनोविमर्श र पुनर्स्थापना गर्ने | • राष्ट्रिय बाल अधिकार परिषद्<br>• स्थानीय तह<br>• स्थानीय बाल अधिकार समिति<br>• नेपाल प्रहरी<br>• बाल हेल्पलाइन सेवा<br>• बालबालिका खोजतलास सेवा | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• गृह मन्त्रालय<br>• प्रदेश सरकारको बालबालिकाको विषय हेर्ने मन्त्रालय<br>• OCMC (एकद्वार संकट व्यवस्थापन केन्द्र)<br>• सेवा प्रदायक संस्थाहरू | निरन्तर | हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाले आवश्यक संरक्षण तथा पुनर्स्थापना सेवा प्राप्त गरेको हुने | १२.३.४<br>१२.३.९<br>१२.३.९<br>१२.३.३<br>(रणनीति ११.५ को)<br>१२.४.३<br>(रणनीति ११.६) |
| ३४ | विभिन्न कारणले मनोसामाजिक समस्या भएका बालबालिकालाई मनोविमर्श तथा मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने | • स्थानीय बाल अधिकार समिति<br>• विद्यालय नर्सिङ<br>• बाल हेल्पलाइन<br>• अस्पताल/स्वास्थ्य संस्थाहरू<br>• सामाजिक मनोविमर्शकर्ता,<br>• सामाजिक कार्यकर्ता | • राष्ट्रिय बालअधिकार परिषद्<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>• शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>• प्रदेश सरकार<br>• स्थानीय तह | निरन्तर | बालबालिकाले आवश्यकता अनुसार तालिम प्राप्त सेवा प्रदायकबाट मनोसामाजिक सेवा, मानसिक स्वास्थ्य सेवा प्राप्त गरेको हुने | |
| ३५ | कानून विपरीत बाल गृहहरूमा रहेका बालबालिकाको उद्धार, | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | • स्थानीय बाल अधिकार समिति<br>• प्रदेश अधिकार समिति | २०८६ सम्म | बालगृहमा अनाधिकृत रुपमा रहेका बालबालिकाको उद्धार | १२.३.४<br>१२.३.६ |



२।८।८१

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय माननीय मन्त्रीज्यूको निजी सचिवालय सिंहदरबार, काठमाडौं

मा. सिता बादी
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पारिवारिक पुनर्मिलन, तथा पुनर्स्थापना गरी त्यस्ता बालबालिकाको संख्या शून्य बनाउने | • राष्ट्रिय बाल अधिकार परिषद्<br>• बाल कल्याण अधिकारी | • बाल गृह<br>• संरक्षण सेवा प्रदायक संस्थाहरु | | तथा पारिवारिक पुनर्मिलन भएको हुने | |
| ३६ | सम्बन्धित मुलुकसँगको द्विपक्षीय सहकार्य गरी मुलुक बाहिर बेवारिसे तथा जोखिममा परेका नेपाली बालबालिकाको उद्धार, स्वदेश फिर्ती, संरक्षण, पुनर्मिलन तथा पुनर्स्थापना गर्ने | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद्<br>• बालबालिका खोजतलास सेवा तथा बाल हेल्पलाईन | • परराष्ट्र मन्त्रालय<br>• गृह मन्त्रालय<br>• नेपाल प्रहरी<br>• सेवा प्रदायक संस्थाहरु | निरन्तर | भारत लगायत अन्य देशमा जोखिममा परेका बालबालिकाको उद्धार, स्वदेश फिर्ती, संरक्षण, पुनर्मिलन तथा पुनर्स्थापना गरिएको हुने | १२.३.१<br>१२.३.४ |
| ३७ | वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक हेरचाहको प्रबन्ध गर्ने | • स्थानीय तह<br>• स्थानीय बाल अधिकार समिति<br>• बाल कल्याण अधिकारी/सामाजिक कार्यकर्ता | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद्<br>• विकास साझेदारहरू | निरन्तर | वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचान भई उनीहरूको सर्वोतम हित तथा प्राथमिकताका आधारमा व्यवस्थापन भएको हुने | १२.३.१० |
